# तयार रहनुहोस आँधी जाँचसूची

MCCSA
Multicultural Communities Council of South Australia

## आँधीको लागि तयारी

- ☐ तपाईंको घर वा सम्पत्तिमा खस्न सक्ने रूखहरू र हाँगाहरू छाँट्नुहोस्।
- ☐ आफ्नो छत मर्मत गर्नुहोस्।
- ☐ तपाईंको बिमा नीति अद्यावधिक र पर्याप्त छ कि छैन जाँच गर्नुहोस्।
- ☐ तपाईंको घर वरिपरिका सबै खुकुलो सामानहरू सुरक्षित पार्नुहोस्।
- ☐ तपाईंको गटर, डाउनपाइप र नालीहरू सफा गर्नुहोस्।
- ☐ आफ्नो परिवारसँग कुरा गर्नुहोस् र आपतकालीन योजना बनाउनुहोस्।
- ☐ आपतकालीन किट बनाउनुहोस्।
- ☐ ब्याट्रीबाट चल्ने रेडियो राख्नुहोस्।
- ☐ आपतकालीन सम्पर्क नम्बरहरूको सूची तपाईंको फोनमा वा फोनको नजिक राख्नुहोस्।

## आँधीको चेतावनी जारी भएपछि

- ☐ तपाईंको आपतकालीन योजना सक्रिय गर्नुहोस्।
- ☐ तपाईंको आपतकालीन किट राखेको ठाँउ पत्ता लगाउनुहोस्।
- ☐ तपाईंको मोबाइल फोन पुरा चार्ज भएको सुनिश्चित गर्नुहोस्।
- ☐ आफ्नो छिमेकीहरूको हालखबर बुझ्नुहोस्।
- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्।

## आँधी आएको बेला

- ☐ घरभित्र बस्नुहोस् र झ्यालहरूबाट टाढा रहनुहोस्।
- ☐ यदि बाहिर हुनुहुन्छ भने, रूखहरूदेखि टाढा सुरक्षित आश्रयस्थल खोज्नुहोस्।
- ☐ घरपालुव□ जनावर सुरक्षित छन् भन्ने सुनिश्चित गर्नुहोस्।
- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्।

## आँधी पछि

- ☐ जानकारी, अद्यावधिक सुचना र सल्लाहका लागि स्थानीय र सामाजिक मिडिया जाँच गर्नुहोस्।
- ☐ क्षति भएको छ कि भनेर आफ्नो घर र सम्पत्ति जाँच गर्नुहोस्।
- ☐ क्षतिग्रस्त भवन, बिजुली र रूखहरूदेखि टाढा रहनुहोस्।
- ☐ बाढीको पानी, फोहोर र क्षतिग्रस्त सडक वा पुल जस्ता खतराहरूकाबारे सजग रहनुहोस्।
- ☐ जब सुरक्षित छ तब आफ्नो छिमेकीहरूको हालचाल बुझ्नुहोस्।
- ☐ बाढीको पानीमा वा त्यसको नजिकै बालबालिकाहरूलाई खेल्न नदिनुहोस्।

जीवनलाई खतरामा पार्ने आपतकालीन फोन 000

आपतकालीन सहायता फोन 132 500

थप जानकारीको लागि फोन 1800 362 361

**Storm Warning Levels**




यो सन्देश र अन्य सम्बन्धित जानकारीको लागि
**www.ses.sa.gov.au** हेर्नुहोस्
Multicultural Communities Council of SA द्वारा समर्थित

Government of South Australia

SES RESCUE

**Multicultural Communities Council of South Australia**
113 Gilbert Street, Adelaide SA 5000
**PHONE** (08) 8345 5266
**E** mccsa@mccsa.org.au
**www.mccsa.org.au**